REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 26.05.2025

---

*CM*

मुख्यमन्त्री प्रेमसिंह तामाङ नयाँ दिल्लीको आधिकारिक भ्रमण पूरा गरेपछि आज फर्किनुभएको छ।

सिक्किम राज्य स्थापनाको पचासौं वर्ष गाँठ समारोहको एक भागको रूपमा आयोजित भ्रमण कार्यक्रममा उहाँले यसै महीना उन्तीस तारीकका दिनको निर्धारित समारोहका लागि प्रधानमन्त्री नरेन्द्र मोदी, केन्द्रीय मन्त्रीहरू र अन्य गन्यमान्य व्यक्तिहरूलाई औपचारिक निमन्त्रण दिनुभयो।

भ्रमणावधिमा श्री तामाङ दशौ नीति आयोगको Governing Council को बैठक इण्डिया टुडे समूद्वारा आयोजित सम्मेलन, पूर्वोत्तरहरूका निवेशकर्ताहरूको शिखर सम्मेलन र प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा वर्षको राष्ट्रिय जनतान्त्रिक गठबन्धन, एन डि ए को बैठकमा उपस्थित रहनुभयो।

---

*PM Visit*

प्रधानमन्त्री नरेन्द्र मोदीको सिक्किम राज्य भ्रमणलाई लिएर तयारी अहिले अन्तिम चरणमा छ।

मुख्यमन्त्री प्रेमसिंह तामाङले आज नयाँ दिल्लीबाट फर्किनुभएपछि गान्तोकको पाल्जोर स्टेडियमको निरीक्षण गर्नुभयो।

श्री मोदीको आउँदो बिहीवार उन्तीस मईका दिन राज्य भ्रमणमा आउने कार्यक्रम छ।

त्यसदिन उहाँले राज्यवासीहरूलाई सम्बोधन गर्नका साथै विभिन्न परियोजनाहरूको शिलान्यास र उद्घाटन गर्नुहुनेछ।

सांस्कृतिक कार्यक्रम पाल्जोर स्टेडियममा आयोजित हुने समारोहको आकर्षण रहनेछ ।

---

## *Consumers Rights Awareness*

सप्ताहव्यापी वृहत उपभोक्ता अधिकार सचेतना कार्यक्रम गान्तोकको एम जी मार्गमा आजदेखि शुरू भएको छ ।

राज्यको खाद्य तथा नागरिक आपुर्ति विभाग अन्तर्गत कानुनी मापविज्ञान इकाई तथा उपभोक्ता संरक्षण कक्षले यसको आयोजन गरिरहेछ।

गान्तोक समस्टिका विधायक डिले नाम्गेल बर्फुङ्पाले कार्यक्रमको शुभारम्भ गर्नुभयो ।

हप्ताभरिको कार्यक्रममा पाठशाला जागरूकता अभियान उपभोक्ता हेल्पलाइन प्रदर्शन, र अन्तक्रियात्मक सत्र सामेल रहनेछन् ।

---

## *Sikkim Milk Awareness Programme*

सिक्किम सहकारी दूध उत्पादक संघको तत्वावधानमा सोरेङ जिल्ला अन्तर्गत सांवलीगाउँ दूध उत्पादर सहकारी समितिमा गत शनिवार जागरूकता कार्यक्रम आयोजित भयो ।

यस अवसरमा नवनिर्मित योक दूध शक्तीकेन्द्र पनि उद्घाटन गर्नुभयो ।

राष्ट्रिय दूध विकास कार्यक्रम एन पि डि पि अन्तर्गत केन्द्र र राज्यद्वारा नब्बे- दस हिस्सा धनराशिको आधारमा 500 लिटर क्षमचायुक्त योक दूध शीतयन्त्र र दस लाख रूपियाँ मूल्यको जेनरेटर सुविधा यस केन्द्रमा उपलब्ध छ ।

उद्घाटनपछि समारोहलाई मुख्य अतिथिको रूपमा सम्बोधन गर्दै विधायक मदना सिञ्चुरीलाई तकनिकी ज्ञानलाई दैनिक अभ्यासमा प्रयोगमा ल्याउनुपर्ने र पाठशालाहरूमा यस्तै प्रकारका कार्यक्रमहरू आयोजन गर्नुपर्ने आवश्यकतामाथि बल दिनुभयो ।

आफ्नो वक्तव्यमा सिक्किम दूध संघका प्रवन्ध निदेशक डा टी बी घतानीले मानिसहरू विशेष गरी युवा तथा महिलाहरूलाई पशु आहारको खेती, प्रसंस्करण र विपणनका लागि प्रोत्साहित गर्नुभयो र यसमा वर्षेनी पचास करोड़ व्यापार क्षमता रहेको जानकारी दिनुभयो ।

कार्यक्रममा सावलीगाउँ दूध उत्पादक सहकारी समितिका प्रमुख योगदानकर्ताहरूलाई अभिनन्दन गरियो।

---

## *Dr Shova Kanti Thegim Award*

साहित्यकार तथा पत्रकार प्रवीण खालिङलाई यस वर्षको डां शोभाकान्ति थेगिम लेप्चा स्मृति पुरस्कार सम्मानित गरिने भएको हो। स्वगीर्य डा शोभाकान्ति थेगिमको जन्मजयन्ती चार जुलाईका दिन गान्तोकमा आयोजित हुने समारोहमा श्री खालिङलाई पुरस्कार प्रदान गरिनेछ।

पुरस्कारको रूपमा पचास हजार एक रूपियाँ नगद राशि नामपत्र र प्रमाणपत्र सामेल रहनेछन्।

ट्रस्टका अध्यक्ष डुप छिरिङ लेप्चाद्वारा जारी प्रेस विज्ञप्ती अनुसार चार जुलाईमा अठाइसौ डां शोभाकान्ति थेगिम लेप्चा स्मृति पुरस्कार अलङ्करणबाहेक सांस्कृतिक सम्पदाको संरक्षण, प्रवर्ध्दन र प्रेरणाका निम्ति चारजना व्यक्तिहरूलाई पनि सम्मानित गरिनेछ।

उहाँहरू हुनुहुन्छ पत्रकार सुवास दीपक नाट्य कलाकारहरू रूपमा तामाङ र विक्रम गौतम अनि चित्रकार दीपा राई।

---

## *Mental Health Awareness Programme*

राष्ट्रिय गति दिब्याङ्गता संस्थानको प्रशासनिक नियन्त्रण अधिन समग्र कौशल विकास, पुनर्वास तथा दिब्याङ्ग सशक्तिकरण क्षेत्रीय केन्द्र सिक्किमले नाम्ची जिल्ला अस्पतासित मिलेर हालै नाम्चीमा दुई दिने लामो मानसिक स्वास्थ्य जागरूकता कार्यक्रम आयोजित गरयो।

यसमा मानसिक रोगको रोकथामका लागि मानसिक रोग विशेषज्ञ, परामर्शदाता र पुनर्वास व्यावसायीहरूको सामूहिक प्रयास हुनुपर्ने आवश्यकतामाथि जोड़ दिइयो।

गत शुक्रबार सम्पन्न भएको कार्यक्रममा अन्यवाहेक मनोरोग विशेषज्ञहरू अनि नाम्चीको विभिन्न प्राथमिक स्वास्थ्य केन्द्रका परापर्शदाताहरू सहभागी बने।

---

## *PM Completes Years of Service*

प्रधानमन्त्री नरेन्द्र मोदीले आज आफ्नो कार्यकालको एघार वर्ष पूरा गर्नुभएकोछ।

आफ्नो कार्यकालको एघार वर्ष पूरा ग्रनुभएकोछ ।

दुई हजार चौध सालमा आजकै दिन श्री मोदीले भारतका प्रधानमन्त्रीको रूपमा शपथ ग्रहण गर्नुभएको थियो ।

---

## *EMRS Training*

हिमाचल प्रदेशको मनाली स्थित अटल बिहारी बाज्पेयी पर्वतारोहण तथा सम्बध्द खेल संस्थानमा मूलभूत पर्वतारोहण कोर्सका लागि सिक्किम राज्यभरिबाट एकलब्य मोडल आवासीय पाठशालाका दसजना विद्यार्थीहरू छनौ भएका छन् ।

उनीहरूको पशिक्षण यसै महीना तेह्र तारीकदेखि शुरू भएको छ र आउँदो सात जुनमा समाप्त हुनेछ ।

एकलब्य मोडल आवासीय स्कूलका विद्यार्थीहरूले पर्वतारोहण कोरसमा भाग लिएको यो तेस्रो चोटि हो ।

---